सूचनाको हक सम्बन्धि ऐन,२०६४ को दफा ५(३) बमोजिम

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको

# आ.व. २०७८/७९ को दोस्रो त्रैमासको सूचना

१. **निकायको स्वरुप र प्रकृति**

प्रचलित कम्पनी ऐन बमोजिम स्थापित शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले बीमा ऐन, २०४९, बीमा नियमावली २०४९ तथा प्रचलित कानूनको अधिनमा रहि व्यवसायमा संलग्न व्यक्ति वा संस्थाहरुको संभावित जोखिमलाई निज(विन बीमाको माध्यमबाट हित र सुविधा प्रदान गर्ने तथा देशमा बीमा सेवा उपलब्ध गराई आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मिति २०६१/०२/१५ गते नेपाल सरकार श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६१/०७/२६ मा श्री बीमा समितिबाट बीमा व्यावसाय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६१/०७/२६ गते देखि कारोवार संचालन गरिरहेको छ।

यस कम्पनीको संस्थापकहरुमा वित्तीय तथा बैंकिङ्ग क्षेत्र, हवाई उड्डयन तथा ब्यापार व्यवसाय एवं व्यवस्थापनमा लामो अनुभव प्राप्त प्रतिष्ठित व्यक्ति तथा व्यवसायीहरु आवद्ध रहनु भएको छ। कम्पनीको हालको चुक्तापुँजी १,७५,८५,२४,००० रहेको छ। कम्पनीले हाल १०६ वटा शाखा कार्यालयहरुबाट बीमा सेवा प्रदान गर्दै आइरहेको छ।

२. **निकायको काम कर्तव्य र अधिकार**

बीमा ऐन तथा कम्पनी ऐन, बीमा समितिबाट जारी निर्देशन तथा परिपत्रहरु, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रहि आफ्ना काम कर्तव्य र अधिकारहरु सुनिश्चित गर्दै निम्न बमोजिमको काम गर्दै आएको छ।

क) प्रचलित कानूनको अधिनमा रही विभिन्न व्यवसाय, व्यक्ति वा संस्था वा निकायको सम्भावित जोखिमलाई निर्जीवन बीमासम्बन्धी सम्पूर्ण प्रकारका बिमा व्यवसाय गर्ने।

ख) आगलागी, भूकम्प, बाढीपहिरो लगायत प्राकृतिक विपत्तिबाट हुने खतरा, हानि तथा सम्पत्तिको नोक्सानीको सम्बन्धमा बीमा तथा पुनर्बीमाको व्यवसाय गर्ने।

ग) यातायातको सम्बन्धमा यातायात साधनको बीमा (हवाईजहाज, मोटर, कार, ट्रक, बस, आदि) गर्ने एवं स्थल मार्ग, हवाई मार्ग एवं जल मार्गका यात्रुहरु एवं मालसामान, ब्यापारिक सामान समेतको बीमा तथा पुनर्बीमाको व्यवसाय गने गराउने।

घ) हरेक किसिमबाट हुने दुर्घटना सम्बन्धमा दुर्घटना बीमा अन्तर्गत मृत्यु वा शरीरका कुनै विशेष भागमा हुने हानी नोक्सानी सम्बन्धमा वीमा वा पुनर्वीमाको काम गर्ने गराउने।

ङ) डाँका, चोरी, ठगी, हुलदंगा वा घर फोडी सम्पति हानि-नोक्सानी हुने सम्भाबित घटनाबाट बचाउन बीमा गर्ने गराउने।

च) बीमा सम्झौता गरेबापत प्राप्त भएको रकम बिभिन्न क्षेत्रमा लगानी गरी आम्दानी गर्ने।

छ) सम्पत्तिको संरक्षणका लागि तथा बीमित ब्यक्तिहरुको हित र सुबिधाका लागि बिभिन्न बीमा कम्पनीहरुका पुनर्बीमा स्वीकार गर्ने तथा पुनर्बीमा गराउने।

३. **निकायमा रहने कर्मचारीको संख्या र कार्य विवरण।**

यस कम्पनीको केन्द्रिय तथा शाखा कार्यालयहरुमा आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमास सम्म अस्थायी तथा स्थायी गरी जम्मा ६११ जना कर्मचारीहरु कार्यरत छन् जसमध्ये महिला कर्मचारीहरुको संख्या २५० रहेको छ। कम(पनीका कर्मचारीहरुलाई कम्पनीको आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी सेवा शर्त विनियमावली बमोजिम कार्यभार विभाजन गरिंदै आएको छ।

४. **निकायबाट प्रदान गरिने सेवा**

**यस कम्पनीले विभिन्न निर्जीवन बीमा व्यावसाय जस्तैः** सम्पत्ति बीमा, मोटर बीमा, सामुद्रिक बीमा तथा अन्य बीमा अन्तर्गत ईन्जिनियरिङ्ग बीमा, हवाई बीमा, स्वास्थ्य बीमा, सामुहिक दुर्घटना बीमा,पदयात्रा बीमा, कृषि बीमा, पशुधन तथा लघु बीमा, सेंधमारी नकबजनी बीमा, निष्ठा जमानी बीमा लगायतका विभिन्न बीमा सेवा प्रदान गर्ने तथा बीमा गरिएको जोखिमका कारण बीमित सम्पत्तिको क्षति हुँदा दाबी भुक्तानी गर्नु हो। नेपाली बीमा बजारमा Weather Index Insurance, Auto Plus Insurance सेवा यस कम्पनीले मात्रै प्रदान गर्दै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेबार अधिकारी**

यस कम्पनीले विभिन्न १०६ वटा शाखा कार्यालयहरु मार्फत सेवा प्रदान गरिरहेको छ र शाखा प्रमुखहरुलाई नै सम्पूर्ण जिम्मेबारी दिई आ-आफ्नो शाखाको जिम्मेबार अधिकारी तोकिदिएको छ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

सम्पत्ति बीमा, मोटर बीमा, सामुद्रिक बीमा, दुर्घटना बीमा, कृषि तथा पशु बीमा, लघु बीमा र बैंकर्स इन्डेम्निटी बीमाको हकमा बीमा समितीद्वारा जारी निर्देशिका बमोजिमको बीमा शुल्क तथा अन्य बीमाको हकमा बीमा समितीबाट प्राप्त न्यूनतम बीमा दर एवं कम्पनीको जोखिमाङ्कन विभाग तथा पुनर्बीमकबाट तोकिएको बीमा शुल्क।

बीमा शुल्क भुक्तानी पश्चात् तत्कालै बीमालेख उपलब्ध गराइने।

दाबीको हकमा सर्भेयरको प्रतिवेदन तथा आवश्यक न्युनतम कागजात प्राप्त भएको २१ दिनभित्र भुक्तानी गरिने।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी**

कम्पनीको आर्थिक प्रशासन विनियमावली बमोजिम तथा संचालक समितिको निर्णय बमोजिम विषयवस्तुको प्रकृति हेरेर विभागिय प्रमुख तथा शाखा प्रमुख तथा प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक अधिकार दिइएको छ। निर्णय गर्ने अधिकार प्राप्त :

१. संचालक समिति
२. प्रमुख कार्यकारी अधिकृत
३. विभागिय प्रमुख
४. शाखा प्रमुख

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

निर्णय उपर उजुरी सुन्ने अधिकारी उजुरी अनुसार विभागिय प्रमुख, शाखा प्रमुख, प्रमुख कार्यकारी अधिकृत तथा संचालक समितिका सदस्यहरु रहेका छन्।

९. **सम्पादन गरेको कामको विवरण**

कम्पनीले बीमा ऐन तथा नियमावली एवं बीमा समितिबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम बीमा सेवा प्रदान गदै आएको।

१०. **सूचना अधिकारी र प्रमुखको नाम तथा पद**

क. सूचना अधिकारीको नामः श्रीमती सविता मास्के, महाप्रबन्धक

ख. प्रमुखको नामः श्री दिप प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत

११. **सम्बन्धित ऐन, नियम, निर्देशिकाको सूचि**

कम्पनी ऐन, बीमा ऐन तथा नियमावली, बीमा समितिद्वारा जारी संस्थागत सुशासन, बीमा समितीद्वारा जारी निर्देशिकाहरु, समय समयमा दिईएका निर्देशन, धितोपत्र सम्बन्धि ऐन तथा नियमावलिहरु।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण**

आर्थिक वर्ष २०७८।७९ को दोस्रो त्रैमास सम्म कुल बिमाशुल्क आम्दानी रु २३५ करोड रहेको छ। कुल दाबी भुक्तानी साथै समग्र आर्थिक कारोबार तथा विवरण दोस्रो त्रैमासिकको वित्तिय विवरणमा प्रकाशन गरिएको छ। उक्त विवरण कम्पनीको वेवसाइटमा समेत राखिएको छ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**ः नभएको

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम आयोजना गरेको भए सो को विवरण**

वार्षिक साधारण सभा, अभिकर्ता तालिम तथा संथागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरु।

१५. **सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण**

www.shikharinsurance.com

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण**

यस कम्पनीले बाढी पहिराबाट हुने प्रतिकुल असरलाई न्यूनिकरण गर्ने सूचाङ्कमा आधारित बीमालेख नेपालका बिकट क्षेत्र जस्तै कर्णाली क्षेत्रमा हुनसक्ने बाढी पहिरोलाई मापन गरी सूचाङ्गमा आधारित बाली बीमा कार्यक्रमको लागि प्राविधिक तथा अनुदान प्राप्त गरीबीमा ल्याउने सहमतिमा Z Zurich Foundation for Zurich Flood Resilience Alliance (ZFRA) and Insuresilience Solutions Fund (ISF) सँग सम्झैता भएको।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको विवरण**

घुम्ती बीमा, अभिकर्ता इजाजतपत्र, बीमा सचेतना कार्यक्रम, "बीमाका कुरा बुझिने गरी" भनि ग्यालेक्सी टिभिमा संचालन गरिएको बीमा सम्बन्धि जानकारीमुलक कार्यक्रम आदि संचालन गरिएको।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको अवधि**

हालसम्म नभएको।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण**

समिक्षा अवधिमा कम्पनीको कृषि बीमा सम्बन्धि सूचनाको लागि एउटा निवेदन प्राप्त भएको र उक्त निवेदन अनुसार कम्पनीको व्यावसायिक गोपनियताको विवरण बाहेक अन्य सूचना प्रदान गरिएको।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको भए सोको विवरण।**

साधारण सभा सम्बन्धि सूचना, कर्मचारी आवश्यकता सम्बन्धि सूचना, त्रैमासिक विवरणहरु, अभिकर्ता तालिम सम्बन्धि सूचना, कोटेशन आव्हान सम्बन्धि सूचनाहरु तथा अन्य सूचनाहरु प्रकाशित गरिएको र सो सूचनाहरु यस कम्पनीको वेबसाइटमा समेत राखिएका छन्।


**शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड**

शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं

फोन नं. ०१-५३४६१०१, ०१-५३४६१०२

इमेलः shikharins@mos.com.np

www.shikharinsurance.com